९३५- ५८६

राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बास्कोटा

सूचना आयुक्त किरणकुमार पोखरेल

सूचना आयुक्त यशोदादेवी तिम्सिना

# आदेश

मु.नं. ४९२/२०७२/०७३

निर्णय नं. ५४७

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेत ........................................२ पुनरावेदक

विरूद्ध

कार्यकारी अधिकृत (कार्यालय प्रमुख), कन्काई नगरपालिका कार्यालय, झापा ..................१ विपक्षी

सूचना अधिकारी, कन्काई नगरपालिका कार्यालय, झापा ........................................१

विषय :-माग बमोजिमको सूचना उपलब्ध गराईएकोले लगत कट्टा गर्नु ।

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेतले कन्काई नगरपालिका कार्यालय, झापा समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०७।०१ मा पुनरावेदन गरेको । तत् पश्चात आयोगको मिति २०७२।०७।१७ को आदेश बमोजिम कन्काई नगरपालिका कार्यालय, झापालाई मिति २०७२।०७।२९ च.नं. ४२२ को पत्रद्वारा सूचना उपलब्ध गराउन लेखी गएको । प्रस्तुत सन्दर्भमा उक्त कन्काई नगरपालिका कार्यालय, झापाको मिति २०७२।०८।२८, च.नं. २२७१, प.सं. २०७२/०७३ को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना यस पूर्व नै पठाई सकिएको भनी यस आयोगलाई उक्त सूचना प्रेषित गरी बोधार्थ मार्फत पुनरावेदकलाई पनि जानकारी गराईएकोले यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नु । यसको जानकारी निवेदकलाई दिनू ।

| | | |
|---|---|---|
| .................... | .................... | .................... |
| यशोदादेवी तिम्सिना | किरणकुमार पोखरेल | कृष्णहरि बास्कोटा |
| (सूचना आयुक्त) | (सूचना आयुक्त) | (प्रमुख सूचना आयुक्त) |

ईति सम्वत् २०७२ साल माघ ०६ गते रोज ४ शुभम् ।